## लोक सेवा आयोग

## नेपाल स्वास्थ्य सेवा, आयुर्वेद समूह, चौथो तह वैद्य पदको खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

**समयः ४५ मिनेट** **पूर्णाङ्क : १००**

**परीक्षा प्रणाली : वस्तुगत बहुउत्तर (Multiple Choice)** **प्रश्न संख्या : ५०**

### १. मौलिक सिद्धान्त

आयुर्वेद अवतरण, प्रकृति, शरीर, इन्द्रिय, मन र आत्मा, दोष, भेद, स्थान, कर्म, ज्ञान, धातु, उपधातु, मल, संख्या, नाम पञ्चमहाभूत ।

राष्ट्रिय स्वास्थ्य नीति, २०४८ र राष्ट्रिय आयुर्वेद स्वास्थ्य नीति, २०५२ ।

### २. शरीर रचना एवम् क्रियाविज्ञान

कोष, सङ्गठन, तन्तु, प्रकार, अस्थि प्रकार, संख्या, कर्म विभाजन, गणना, षडंग शरीर, सन्धि, प्रकार, कार्य, मांशपेसी, सामान्य प्रकार, नसा, स्वरयन्त्र, श्वासनली, फुफ्फुस, मुख, दन्त, लालाग्रन्थी, अन्ननली, आमाशय, ग्रहणी, क्षुद्रान्त ।

रक्तसञ्चार प्रणाली, हृदय, धमनी, शिरा, रक्त उत्सर्जन प्रणाली, स्त्री पुरुष प्रजननाङ्ग, पञ्चेन्द्रियहरूको रचना र क्रियासम्बन्धी सामान्य ज्ञान, जीवनीय घोल (Electrolite Fluid) को ज्ञान, पी.एच. मात्रा ।

### ३. द्रव्यगुण

द्रव्यगुण शास्त्र, परिचय, प्रयोजन, वर्णित, पाँच एवम् सात पदार्थ, द्रव्य लक्षण, कर्म, समवाय, कारण द्रव्य, कार्य द्रव्य, वर्गीकरण, रस, गुण, वीर्य, विपाक प्रभावको परिभाषा, भेद, कर्म, विषाक्त गुण ।

**पारिभाषिक शब्दहरू :** दीपन, पाचन, शमन, अनुलोमन, संसन, भेदन, रेचन, वमन, संशोधन, छेदन, लेखन, ग्राही, स्तम्भन, रसायन, बाजीकर, व्यवसायी, विकासी, मदकारी, अभिष्यन्दी, योगवाही, बृहण आदि कर्मको ज्ञान ।

**द्रव्य नाम र सामान्य प्रयोग ज्ञान :**

त्रिफला, त्रिकुट, चतुरुष्ण, पञ्चकोल, षडूषण, चतुर्वीज, पञ्चतिक्त, लघुपञ्चमूल, बृहत्पञ्चमूल, दशमूल, अष्टवर्ग, पञ्चवल्कल, पञ्चतृण, जीवनीयगण, क्षराष्टक, उपविष, अम्लगण, चतुस्नेह, शिलाजित, रसाञ्जन ।

**निम्न द्रव्यहरूको आमयिक प्रयोग, प्रयोज्य अङ्ग, मात्राको सामान्य ज्ञान**

आर्द्रक, आमलकी, अहिफेन, अशोक, आरग्वध, अश्वगन्धा, अर्क, इन्द्रयव, उशीर, उदुम्बर, एला, एरन्ड, कुपिलु, कुटज, कुटकी, किराततिक्त, कम्पिल्लक, कटफल, कुमारी, कुश, कास, कुष्ठ, खदिर, गुञ्जा, गुग्गुल, गुडूची, गोक्षुर, चांगेरी, चित्रक, चन्दन, जपा, जटामसी, जीरक, जातीफल, तुलसी, दुर्वा, दारुहरिद्रा, द्रोणपुष्पी, धातकी, धत्तुर, धान्यक, पिप्पली, पीपल, प्रियंगु, पाठा, पलास, पृश्निपर्णी, पुनर्नवा, बला, बृहती, बर, वरुण, विल्व, बाकुची, बिडंग, वंशलोचन, विभीतक, भृंगराज, भूम्यामलकी, मुस्तक, मूलक, मण्डूकपर्णी, गञ्जीष्ठा, यष्टिमधु, यवानी, रसोन, रुद्राक्ष, लवंग, लाक्षा, वचा, वत्सनाभ, वासक, सर्पगन्धा, सारिवा, हरितकी, हरिद्रा, हिंगु, त्रिवृत्त ।

### ४. रसशास्त्र तथा भैषज्य कल्पना

**रसशास्त्र परिचय र पारिभाषिक शब्द**

रस (पारद), महारस (अभ्रक, माक्षिक, शिलाजित), उपरस (गन्धक, गैरिक साधारण रस, (नवसादर, हिंगुल), सुधावर्ग (चुना, खटिका, दुग्धपाषण, यवक्षार, सर्जिकक्षार, गोदन्ति, कपर्दक, शुक्ति, शख, मृगशृंग, मयूरपुच्छ) रत्न (मोती, प्रवाल), धातु, उपधातु, (गण्डुर), विष (स्थावर, जांगम), परिचय, वत्सनाभ, हरिताल, मनशीला, शंखीया एवम् उपविष (कुचिला, भल्लातक, धत्तुर, भांग, अहिफेन, गुञ्जा, अर्क) हरूको परिचय, नाम, गुणकर्म, मात्रा, प्रयोग, सहपान, अनुपानको सामान्य ज्ञान ।

**भैषज्य कल्पनाः**

भैषज्य कल्पनाको परिचय : महत्त्व, शुद्धीकरण महत्त्व, औषध स्रोत पञ्चविधि, कषाय कल्पना (निर्माण विधि, मात्रा, प्रयोगबारे सामान्य ज्ञान)

| | | |
|---|---|---|
| चूर्ण | - | त्रिफला चूर्ण, सितोपलादि चूर्ण, अविपत्तिकर चूर्ण, सुदर्शन चूर्ण |
| वटी | - | योगराजा गुग्गुल, भुवनेश्वर वटी |
| अवलेह | - | वासावलेह, कण्टकार्यावलेह, कुटजावलेह, च्यवनप्राश |
| अञ्जन | - | रसाञ्जन |
| असाव/अरिष्ट | - | कुमार्यासव, द्राक्षासव, लोहासव, दशमूलारिष्ट, अशोकारिष्ट |
| घृत/तैल | - | त्रिफला घृत, लसुन, तेल, सिक्थ तेल, |
| मलहम | - | दद्रुविद्रावण मलहम आदिको निर्माण, गुण, मात्रा, प्रयोगबारे सामान्यज्ञान । |

## ५. स्वस्थवृत्त निदान चिकित्सा

स्वस्थवृत्तको परिभाषा, स्वास्थ्य लक्षण, रोग कारण, लक्षण, दिनचर्या, ऋतुचर्या, जनपदोध्वंश, ओकसात्म्य, धारणीय, अधारणीय वेग, व्यायाम, स्नान, अभ्यंग, व्याधिक्षमत्व ज्ञान ।

- अष्टविधि परीक्षा, पञ्चनिदान, निम्न रोगहरूको निदान, लक्षण, चिकित्सासम्बन्धी सामान्य ज्ञान : अग्निमान्ध, अतिसार, अम्लपित्त, वात, सन्धिवात, उदररोग, कामला, कास, चर्मरोग, कृमी, ग्रहणी, गूसी, ज्वर प्रवाहिका, पाण्डु, विसर्प, मूत्रकृच्छ, राजयक्ष्मा, श्वास, शूल, शोथ ।
- बाल र स्त्रीरोग : परिभाषा, स्तन्यपान, क्षीरवर्धक, द्रव्य, नाभिपात, दन्तोद्भेदकालिक व्याधि, लक्षण, चिकित्सा, उदरशूल, बालातिसार, गुदपाक, कृमि, बालशोष, फक्क, छर्दी, बाल कामला, बाल श्वसनक ज्वर, प्रतिश्वाय लक्षण, सामान्य चिकित्सा ।
- स्त्रीऋतूकाल, रज काल, रजस्वला, कष्टार्तव, श्वेतप्रदर, सूतिका रोग, कारण, लक्षण, सामान्य चिकित्सा ।
- गर्भिणी मासानुमासिक परिचर्या, पाण्डु, कामला, शोथ, कारण, लक्षण, सामान्य चिकित्सा ।
- शल्य परिचय, वब्रण शोध, विद्रधि, सद्योव्रणका परिचय, कारण, भेद, लक्षण, चिकित्सा, अष्टविध शस्त्रकर्म, अस्थिभग्न, सन्धिच्युत एवम् प्रारम्भिक चिकित्सा ।
- शालाक्यल्नागत रोग : संख्या सम्प्राप्ति, लक्षण, सामान्य चिकित्सा, प्रतिर्श्याय, नासागत रक्तपति, सूर्यावर्त, अर्धावभेदक, शीताद, दन्तशूल, कृमीदन्त, दन्तहर्ष, मुखपाक, तुण्डीकेरी शोथ, कण्ठशोथ, कर्णस्राव, कर्णशूल, पक्ष्मकोप, अभिष्यन्द, नक्तान्धका परिचय, लक्षण र सामान्य चिकित्सा ।
- नासागत एवम् कर्णगत शल्य निर्हरण विधि ।

## ६. सामुदायिक चिकित्सा

**निम्नलिखित रोगहरूको परिचय, निदान, लक्षण, रोकथाम र चिकित्साबारे सामान्य ज्ञान :**

विफर (Smallpox), ठेउला (Chickenpox), दादुरा (Measles), हाँडे/कर्णमूलशोथ (Mumps), कुष्ठरोग (Leprosy), विषमज्वर (Malaria), कालाज्वर (Kalaazar), श्लीपद (Filaria), प्रवाहिका (Dysentery), लहरेखोकी (Whooping cough), भ्यागुते रोग (Diphtheria), धनुष्टङ्कार (Tetanus), गण्डुस्पदक्रिमी (Roundworm), अङ्कुशेजुका (Hookworm), स्फितक्रिमी (Tapeworm), चुर्ना (Pinworm), प्रतिश्याय (Common cold), क्षयरोग/राजयक्ष्मा (Tuberculosis), मुखशोथ (Stomatitis), यकृतशोथ (Hepatitis), दाद/दद्रु (Ringworm), लुतो/पामा (Scabies), आमाशयगतशोथ (Gastritis), मष्तिष्कावरण ज्वर (Meningitis), कुपोषण (Malnutrition) जन्य रोगहरूको सामान्य परिचय, निदान र चिकित्सा ।

- समुदायमा हुने सरुवा रोगहरूको परिचय र नियन्त्रण, खोप पद्धतिबारे सामान्य ज्ञान ।
- निम्न अवस्थाहरूको प्राथमिक उपचार, कारण, लक्षणबारे ज्ञान :कृत्रिम श्वासप्रश्वास क्रिया, ड्रेसिङ तथा बेन्डेज, रक्तस्राव, विष, सर्पविष, रेबिज रोग, पानीमा डुब्नु, दग्ध, लू लाग्नु अस्थिभग्न, सन्धिच्यूत Dehydration
- जनस्वास्थ्य वातावरणीय स्वास्थ्य, वायु, जलको ज्ञान, Carbohydrate, Protein, Fat,Mineral, Vitamin पानी, अन्न, दूध, मासुबारे ज्ञान ।

## ७. परिवार नियोजन तथा जनसंख्या :

Vital Statistics, जनसंख्या, जनगणना, मातृ मृत्युदर, शिशु जन्म तथा मृत्युदर, परिवार नियोजनका विधिहरू र तिनका फाइदा बेफाइदाहरूबारे ज्ञान ।

## नमुना प्रश्नहरू

१. बातदोषका भेदहरू के-के हुन् ?

(क) प्राण, उदान, समान, साधक, आलोचक
(ख) प्राण, समान, अवलम्बक, तर्पक, साधक
(ग) व्यान, उदान, समान, प्राण अपान
(घ) उदान, समान, आलोचक, पिधक, अपान

२. हृदयमा रक्तसञ्चार कुन ब्चतभचथ बाट हुन्छ ?

(क) Carotid Artery
(ख) Coronary Artery
(ग) Pulmonary Artery
(घ) Subclavian Artery

३. त्रय उपस्तम्भ भनेको के हो ?

(क) वात, पित्त, कफ
(ख) दोष, धातु, आहार
(ग) आहार, निद्रा, ब्रह्मचर्य
(घ) दोष, धातु, मल

४. अयन कति प्रकारका हुन्छन् ?

(क) २
(ख) ३
(ग) ६
(घ) १२

५. कुचिला कुन विषमा पर्छ ?

(क) जांगम विष
(ख) उपविष
(ग) मदकारी
(घ) उपधातु

**द्रष्टव्यः**

(१) पाठचक्रममा रहेका एकाइबाट देहायअनुसारको प्रश्नहरू सोधिनेछन् :

| पाठ्यक्रमको एकाइ | प्रश्न संख्या |
|---|---|
| १ | ५ |
| २ | ५ |
| ३ | ९ |
| ४ | ८ |
| ५ | १० |
| ६ | ८ |
| ७ | ५ |
| कुल प्रश्न | ५० |

(२) गल्ती गरेको प्रश्नोत्तरका लागि २० प्रतिशत अङ्क कट्टा गरिनेछ ।

(३) पाठचक्रम लागू हुने मिति : २०५६/१२/४